फोन नं. ०२६-२६०१३५

# म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङलुङ्ग, तेह्रथुम
स्थापना २०७३

पत्र संख्या :- २०७४/०७५ (१ नं. प्रदेश, नेपाल)

चलानी नम्बर :- 606 मिति :-२०७४/१०/२६

**विषय :- उपभोक्ता समिति गठन गरी पठाईदिने बारे ।**

श्री वडा सचिव ज्यु
म्याङलुङ्ग नगरपालिका
१-५... नं. वडा कार्यालय

प्रस्तुत विषयमा म्याङलुङ्ग नगरपालिका, नगरसभाबाट चालु आ.ब. २०७४/०७५ को लागी स्वीकृत संलग्न सुची बमोजिमका योजना तथा कार्यक्रम मध्ये कार्यान्वयन स्थल वडा नं. १-५ भएका योजना तथा कार्यक्रमहरु संचालनको लागी उपभोक्ता समिति तपसिल बमोजिमको शर्तमा रही गठन गरी मिति २०७४/११/१५ गते भित्र यस कार्यालयमा सिफारिस गर्नुहुन अनुरोध छ ।

**शर्तहरु**

१) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको रोहबरमा उपाभोक्ताहरुको भेला गर्नुपर्ने ।

२) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

३) स्थानीय तहका बहालवाला पदाधिकारी, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

४) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

५) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

६) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ ।

७) काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

८) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

१०) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(विदुर प्रसाद खनाल)

| क्र.सं | कार्यक्रम / आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | नेत्र गुरागाई मार्ग (साविक साव्ला गाविस हूदै आम्वूङ जाने वाटो) | वडा नं. ८ र ९ | | ११११।१११ | ० | ० | ० | १०००।००० | | १११।१११ |
| २ | फूदोङ टोल वाट मध्यपहाडी जोड्ने सडक निर्माण | साव्ला म्याङलूङ ९ | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| ३ | वसपार्क साविक तम्फूला ७ साव्ला हूदै सम्फरजूङ रमिते चौतारा लामिवगर जानेसडक | वडा नं. ९ | | ५५५।५५६ | ० | ० | ० | ५००।००० | | ५५।५५६ |
| ४ | जनता आ.वि.वाट मूनारत्न कटहरे हूदै म्या.न.पा. ५ जोड्ने सडक स्तारोन्नती | वडा नं. ४ र ५ | | ७७७।७७८ | ० | ० | ० | ७००।००० | | ७७।७७८ |
| ५ | टूडिखेल देखी हूलाक कार्यालय सडक स्तरोन्नती | वडा नं. २ | | ५५५।५५६ | ० | ० | ० | ५००।००० | | ५५।५५६ |
| ६ | पिप्लेवाट साव्ला हूदै घाटजाने सडक | वडा नं. ९ | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| ७ | हेल्थपोष्ट वाट सूर्के हूदै सिमिनाक्सी सडक स्तरोन्नती | वडा नं. ६ | | ७७७।७७८ | ० | ० | ० | ७००।००० | | ७७।७७८ |
| ८ | तेह्रथूम केउरेनी सिम्रा तमोर नदी सडक वडा नं. १० | वडा नं. १, १० | | १०३३।३३३ | ० | ० | ० | ९३०।००० | | १०३।३३३ |
| ९ | म्याङलूङ वसपार्क क्याम्पस सिम्रा सडक स्तोरोन्नती | वडा नं. १० | | ४४४।४४४ | ० | ० | ० | ४००।००० | | ४४।४४४ |
| १० | अविनारायणको घर हूदै पधेरे थूम्की जोड्ने सडक म्या.न.पा.१ | वडा नं. १ | | १६६।६६७ | ० | ० | ० | १५०।००० | | १६।६६७ |
| ११ | जिरिखिम्ती सिमिनाक्सी चौकी सडक स्तरोन्नती म्याङलूङ ६ र ७ | वडा नं. ६, ७ | | ११३८।८८९ | ० | ० | ० | १०२५।००० | | ११३।८८९ |
| १२ | पूतलिवजार साव्ला गोरेटो वाटो मर्मत | वडा नं. १० | | ५५।५५६ | ० | ० | ० | ५०।००० | | ५।५५६ |
| १३ | चालिसे मूहान हूदै जंगलेको घर जाड्ने वाटो | वडा नं. ९, ७ | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| १४ | उदयको घर हूदै राम तिम्सीनाको घर सम्म जोड्ने सडक | वडा नं. २ | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| १५ | मन्त्रीडाडा हूदै सल्लेरी सडक साव्ला | वडा नं. ९ | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| १६ | कृपी गोदाम हूदै आलेटर हेल्थपोष्ट सडक | वडा नं. १ र १० | | १११।१११ | ० | ० | ० | १००।००० | | ११।१११ |
| १७ | आर्यूवेद कार्यालय हूदैम्याङलूङ क्याम्पस सडक (सडक वोर्ड) | वडा नं. १ | | १०००।००० | ० | ० | ० | १०००।००० | | ०।००० |
| १८ | भवन निर्माण (वृद्ध आश्राम जिरिखिम्ती) | जिरिखिम्ती | | ७००।००० | ० | ० | ० | ७००।००० | | ०।००० |
| १९ | गोरुवेचूवा कूलो मर्मत पिप्ले | वडा नं. ४ | | २२२।२२२ | ० | ० | ० | २००।००० | | २२।२२२ |
| २० | भिमसेन थान मन्दीर फलैचा निर्माण | वडा नं. ४ | | ५०।००० | ० | ० | ० | ५०।००० | | ०।००० |
| २१ | दूर्गा मन्दीर मर्मत पिलिङडाडा | वडा नं. ५ | | ५०।००० | ० | ० | ० | ५०।००० | | ०।००० |
| २२ | रानी पोखरी संरक्षण पाटिगाउ वडा नं. ९ | वडा नं. ९ | | ५५।५५६ | ० | ० | ० | ५०।००० | | ५।५५६ |
| २३ | राधाकृष्ण मन्दीर मर्मत पिप्ले | वडा नं. ४ | | ५०।००० | ० | ० | ० | ५०।००० | | ०।००० |
| २४ | आलेटार वाल उद्यान पार्क निर्माण | वडा नं. १, १० | | २००।००० | ० | ० | ० | २००।००० | | ०।००० |
| २५ | खापा मर्मत सूधार सन्सारी वजार वडा नं. ७ र ८ | वडा नं. ७ र ८ | | ८८८।८८९ | ० | ० | ० | ८००।००० | | ८८।८८९ |
| २६ | खापा सूधार विस्तार (साविक म्याङलूङ गाविस ६ को माथिल्लो भाग) म्या.न.पा ३) | वडा नं. ३ | | २२२।२२२ | ० | ० | ० | २००।००० | | २२।२२२ |
| २७ | थलडाडा भ्यू टावर निर्माण म्या. १ | वडा नं. १ | | ५५५।५५५६ | ० | ० | ० | ५०० | | ५५।५५५५६ |